नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(......मान्यता समकक्षता तथा मूल्याङ्कन...... शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०७९/८०
चलानी नं.:- ४८६

मिति: ......२०८०।०१।२०......

श्री आठराई पब्लिकेसन प्रा.लि.
अनामनगर, काठमाडौं ।

विषय : स्वीकृत रद्द गरी कारवाही गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस पब्लिकेसनले यस केन्द्रमा पेश गरेको नयाँ लागु भएको पाठ्यक्रमअनुसारको कक्षा ५ को १५ पाठ भएको नेपाली (रसिलो नेपाली) विषयको पाठ्यसामग्री शैक्षिक सत्र २०८०, २०८१ र २०८२ का लागि प्रकाशन गर्न यस केन्द्रबाट मिति २०७९।११।१४ मा स्वीकृति पत्र लिइ सो स्वीकृति पत्र समेत समावेश गरी प्रथम संस्करण २०५७ र सातौं संस्करण २०८० (संशोधनसहित) राखेर पुरानो पाठ्यक्रम अनुसारको १८ पाठ भएको सोही कक्षाको सोही विषयको पाठ्यसामग्री छपाइ गरी विद्यालयमा विक्रिवितरण गरेको देखिन्छ। सो सम्बन्धमा किन यसो गरिएको हो स्पष्टिकरण पेश गर्नुहुन भनी यस केन्द्रबाट पत्राचार गरिएकोमा त्यस पब्लिकेसनले मिति २०८०।०१।१३ मा पेश गरेको स्पष्टिकरण चित्तबुझ्दो नभएकोले पुनः स्पष्टिकरण पेश गर्न पत्राचार गरिएकोमा त्यस पब्लिकेसनले मिति २०८०।०१।१७ मा पुनः पेश गरेको स्पष्टिकरणमा आधिकारिक पुस्तकहरुमात्र विक्रिवितरण गर्न तथा खरिद गर्न राजधानी दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको भनि उत्पादन गर्दा त्रुटि भएका त्यस्ता पुस्तकहरु फिर्ता लिने कार्य भईरहेको भनिएतापनि वजारमा विक्रिवितरणमा रहेको कक्षा ५ को नेपाली विषयको रसिलो नेपाली विषयको पाठ्यसामग्री हेर्दा पुरानो पाठ्यसामग्रीमा नयाँ पाठ्यक्रमअनुसार स्वीकृति पत्र राखिएको र नयाँ पाठ्यक्रम अनुसारको कक्षा ५ को पाठ्यसामग्री प्रथम संस्करण हुनुपर्नेमा सातौं संस्करण २०८० राखी विक्रिवितरण गरेको देखिन्छ। यसर्थ पब्लिकेसनले भने जस्तो उत्पादनमा त्रुटि भएको नभई उक्त कार्य नियतबस गरिएको देखिएन आएको हुँदा स्वीकृति पत्र प्राप्त गरेअनुसारका पाठ्यसामग्री भन्दा भिन्न पाठ्यसामग्रीमा यस केन्द्रबाट प्रदान गरेको स्वीकृति पत्र राखी स्वीकृति पत्रको दुरुपयोग गरी शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई गुमराहमा पारी विद्यार्थीको भविष्यमा गम्भिर खेलवाड गरेको देखिन आएकोले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को दफा ३० उपदफा (२) बमोजिम कक्षा ५ को नेपाली (रसिलो नेपाली) विषयको पाठ्यसामग्री प्रकाशन तथा विक्रिवितरण गर्न यस केन्द्रबाट दिइएको स्वीकृति रद्द गरी दुई वर्षसम्म स्वीकृति नदिने र उक्त पाठ्यसामग्री विक्रिवितरण नगर्न नगराउन तथा विक्रिवितरण गरिएका त्यस्ता पाठ्यसामग्रीहरु

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(……मान्यता समकक्षता तथा मूल्याङ्कन…… शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- ०७९/८०
चलानी नं.:- ४८६

मितिः ……२०८०।०१।२०……

तत्काल फिर्ता गराउन सम्बन्धित प्रकाशकलाई निर्देशन दिने भनी यस केन्द्रको मिति २०८०।०१।२० को निर्णयअनुसार जानकारी गराइन्छ। साथै यसरी वन्देज गरिएको पाठ्यसामग्री विक्रिवितरण गरेको पाइएमा प्रकाशकलाई कानुनवमोजिम थप कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत
२०८०।०१।२०

बोधार्थ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
सूचना अधिकारी - पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर : जानकारीका लागि ।